USAID | NEPAL
FROM THE AMERICAN PEOPLE

असोज ८, २०६४

## युएसएड/नेपालद्वारा संरक्षणसम्बन्धी "उत्कृष्टताको केन्द्र" तथा स्मारकका लागि सहयोग

अमेरिकाको भर्जिनिया पोलिटेक्निक इन्स्टिच्युट एण्ड स्टेट युनिभर्सिटि (भर्जिनिया टेक) को साझेदारीमा त्रिभुवन विश्वविद्यालयको वनविज्ञान अध्ययन संस्थान (इन्स्टिच्युट अफ फरेस्ट्री) मा "उत्कृष्टताको केन्द्र" स्थापनाका लागि अमेरिकी अन्तर्राष्ट्रिय सहयोग नियोग (युएसएड) ले ४००,००० अमेरिकी डलर सहयोगस्वरुप प्रदान गर्ने भएकोछ ।

सेप्टेम्बर २३, २००६ को हेलिकप्टर दुर्घटनामा दिवंगत व्यक्तित्वहरुको सम्मानमा स्थापित उक्त केन्द्रले संरक्षणको क्षेत्रमा स्तरीय तालिमहरु सञ्चालन गर्नेछ तथा भविष्यका लागि नेपालमा वातावरणीय संरक्षणको क्षेत्रमा काम गर्ने नेतृत्व निर्माणमा सघाउ पुऱ्याउनेछ ।

कञ्चनजंघा क्षेत्रमा सेप्टेम्बर २३, २००६ मा भएको दुखद हेलिकप्टर दुर्घटनामा नेपालका अग्रणी वातावरणकर्मीहरुको निधन भएको थियो । यो नेपालको संरक्षण क्षेत्रमा कार्यरत समुदायले भोग्नुपरेको अप्रत्यासित क्षति थियो । उक्त घटनामा ज्यान गुमाउने २४ जनामध्ये नेपाल सरकारका विशिष्ट अधिकारीहरु, विश्व वन्यजन्तु कोष (डब्लु डब्लु एफ) का विशेषज्ञहरु तथा कुटनीतिज्ञहरु थिए । युएसएडका उप निर्देशक मार्गरेट अलेक्जेन्डर तथा कार्यक्रम विशेषज्ञ डा. विज्ञान आचार्य पनि उक्त हेलिकप्टरमा हुनुहुन्थ्यो ।

उक्त उत्कृष्टताको केन्द्रले वनविज्ञान अध्ययन संस्थानको क्षमतामा विकास गरी वनविज्ञान तथा प्राकृतिक स्रोतसाधन संरक्षणमा कार्यरत अग्रणी अनुसन्धाता, अध्यापक, तथा पेशाकर्मीहरुको प्रशिक्षणमा सहयोग पुऱ्याउने विश्वास युएसएड/नेपालले लिएको छ । विश्व वन्यजन्तु कोषले पहिचान गरेअनुसार कम मौका पाएका समुदायका महिला तथा विद्यार्थीहरुलाई प्रशिक्षित गरी उनीहरुलाई वनविज्ञान अध्ययन संस्थानमा समावेश गराउनेतर्फ उक्त केन्द्रले विशेष ध्यान पुऱ्याउनेछ ।

**उक्त केन्द्रमार्फत विश्वविख्यात अन्तराष्ट्रिय अध्यापकहरुलाई पोखरामा लैजाने र उनीहरुद्वारा अध्यापन तथा प्रयोगात्मक अनुसन्धानको काममा सहयोग लिने आशा राखिएको छ । भर्जिनिया टेक र त्रिभुवन विश्वविद्यालयबीचको सम्बन्धको उपयोग गरी पेशागत आदानप्रदान तथा प्रशिक्षणसम्बन्धी क्रियाकलापहरुबाट प्रशस्तै लाभ लिने वातावरण बनाइनेछ ।**

यसअतिरिक्त युएसएडले हेलिकप्टर दुर्घटनास्थल घुन्सामा स्मारकको रुपमा एउटा लघु जलविद्युत परियोजना निर्माणका लागि १५०,००० अमेरिकी डलरबराबरको सहयोग प्रदान गर्नेछ । यो परियोजनाले करीब ८० घरमा विजुली उपलब्ध गराउने छ ।

युएसएड/नेपालले नेपाली जनतालाई शान्ति प्रक्रिया, लोकतन्त्र, सुशासन, स्वास्थ्य, परिवार नियोजन, आर्थिक बृद्धि, तथा अन्य मानवीय क्षेत्रमा विगत ५६ वर्षदेखि सहयोग उपलब्ध गराउँदै आएको छ । यो वर्ष अमेरिकी सरकारले सात करोड डलरभन्दा बढी बराबरको सहयोग नेपाली जनतालाई उपलब्ध गराउनेछ ।

कुनै प्रश्न भए : सहायक पब्लिक अफेयर्स अफिसर विलियम हम्निकी (HumnickyWP@state.gov; Tel: 400-7200, ext: 4543) वा कम्युनिकेशन अफिसर जेम्स एलिस (jaellis@usaid.gov; Tel: 400-7200 ext 4129) सँग सम्पर्क गर्नुहोला ।

U.S. Agency for International Development
G.P.O. Box 295
Brahma Cottage, Maharajgunj
KATHMANDU, NEPAL

Tel: 977-1-4007200
Fax 977-1-4007285
http://nepal.usaid.gov

Public Affairs Section
Embassy of the United States of America
P.O. Box 58
Maharajgunj, KATHMANDU, NEPAL
http://nepal.usembassy.gov